आ.व.२०७९/८० को एघारौं नगर कार्यपालिका बैठक, बैशाख २८, २०८०

आज मिति २०८० बैशाख २८ गते विहीवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०७९/८० को एघारौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क.स | पद | नाम थर | हस्ताक्षर | ईमेल ठेगाना |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शेर बहादुर बि.सी. | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स | श्री वच्चुराज वस्याल | | |

टोखा नगरपालिकाको आ.व.२०७९/८० को एघारौं नगर कार्यपालिका वैठक, बैशाख २८, २०८०

आ.ब.२०७९/८० को एघारौं नगरकार्यपालिका वैठकको प्रस्ताव एवं निर्णयहरुः-

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्था बारे समिक्षा | अघिल्लो कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समिक्षा गरियो । |
| २ | हाल सम्मको आय-व्यय र भौतिक तथा वित्तीय प्रगती समिक्षा | आर्थिक प्रशासन र योजना शाखावाट पेश भएको नगरपालिकाको चालु आ.ब. २०७९/८० को हाल सम्मको भौतिक र वित्तीय प्रगति विवरणबारे समिक्षा गरियो । हाल सम्मको वित्तीय प्रगति ३८.२६ प्रतिशत र भौतिक प्रगति ६०.२७ प्रतिशतलाई पारित गरी लक्ष्य अनुसार प्रगति हाँसिल गर्ने गरी कार्यान्वयनमा रहेका कार्यक्रमहरुलाई गुणस्तरीयताका साथ सम्पन्न गर्ने तर्फ लाग्न सम्वन्धित शाखा तथा वडा कार्यालयहरुलाई निर्देशन दिने । |
| ३ | महादेव सामुदायीक विद्यालयको सामाग्री व्यवस्थापन, तलवभत्ता र घरभाडा | यस नगरपालिकाको चालु आ.ब.को तेश्रो नगरकार्यपालिका बैठकको निर्णय वमोजिम शैक्षिकसत्रको वीचमा विद्यालय वन्द गर्न नमिल्ने भएकोले उक्त श्री महादेव आधारभूत विद्यालयको लागि शैक्षिक सत्र २०७९ सम्मको शिक्षक कर्मचारीको तलवभत्ता र शैक्षिक सत्र २०८० वैशाख सम्मको घरभाडा व्यवस्थापन गर्न शिक्षा युवा तथा खेलकूद शाखा अन्तर्गतका खर्च शिर्षकवाट रकमान्तर गरी व्यवस्था गर्ने । |
| ४ | चुनदेवी सामुदायीक विद्यालयका शिक्षक कर्मचारीहरुको तलवभत्ता | श्री चुनदेवी आधारभूत विद्यालयको शैक्षिक सत्र २०८० असार समान्त सम्मको शिक्षक कर्मचारीको तलवभत्ता र घरभाडा व्यवस्थापन गर्न शिक्षा युवा तथा खेलकूद शाखा अन्तर्गतका खर्च शिर्षकवाट रकमान्तर गरी व्यवस्था गर्ने । |
| ५ | घ वर्गको निर्माण व्यावसायी ईजाजतपत्र प्रदान गर्ने | (तलको तालिका हेर्नुहोस्) |

| सि.नं. | निर्माण व्यावसायीको नाम | व्यावसाय रहने वडा नं. | कै. |
|---|---|---|---|
| १ | युनिभर्सल ए एण्ड डी कन्स्ट्रक्सन प्रा.लि | टोखा-८ | |
| २ | रेस निर्माण सेवा प्रा.लि | टोखा-६ | |
| ३ | गौरी शंकर निर्माण सेवा | टोखा-६ | |
| ४ | मष्टो एण्ड प्रभा निर्माण कम्पनी प्रा.लि | टोखा-६ | |
| ५ | धौलागिरी कालिका कन्स्ट्रक्सन एण्ड कन्स्ट्रक्सन प्रा.लि | टोखा-३ | |
| ६ | ग्रीननेष्ट कन्स्ट्रक्सन प्रा.लि | टोखा-८ | |
| ७ | सातवहिनी संहदेवी कन्स्ट्रक्सन | टोखा-८ | |
| ८ | आर.सि.पी.कन्स्ट्रक्सन प्रा.लि | टोखा-९ | |
| ९ | श्रीराम निर्माण सेवा प्रा.लि | टोखा-९ | |
| १० | महानिर्माण ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-११ | |
| ११ | समर्थ बिल्डर्स प्रा.लि | टोखा-४ | |
| १२ | सुपरनल ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-११ | |
| १३ | गोमा एण्ड देव निर्माण तथा ढुवानी सेवा प्रा.लि | टोखा-९ | |

टोखा नगरपालिकाको आ.व.२०७९/८० को एघारौं  नगर कार्यपालिका वैठक, बैशाख २८, २०८०

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा | | | |
|---|---|---|---|---|---|
| | | १४ | मनिना कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-९ | |
| | | १५ | चौरी खोला कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-११ | |
| | | १६ | सिद्धिशुभ कन्स्ट्रक्सन प्रा.लि | टोखा-१० | |
| | | १७ | यात्रा निर्माण सेवा प्रा.लि | टोखा-८ | |
| | | १८ | हेरिटेज बिल्डर्स एण्ड डिजाईन सोलुसन | टोखा-१० | |
| | | १९ | त्रिपुरा सुन्दरी बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि | टोखा-९ | |
| | | २० | सुनवर्षी ए.के.अर.कन्स्ट्रक्सन सप्लायर्स प्रा.लि | टोखा-१० | |
| | | २१ | पन्चकन्या माई कन्स्ट्रक्सन प्रा.लि | टोखा-३ | |
| | | २२ | श्रीषा बिल्डर्स प्रा.लि | टोखा-८ | |
| | | २३ | ग्रिनफिल्ड कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | | |
| | | २४ | मेन्दुमाया कन्स्ट्रक्सन | टोखा-३ | |
| | | २५ | समता बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि | टोखा-११ | |
| | | २६ | गायत्री कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-९ | |
| | | २७ | शनिदेव ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-११ | |
| | | २८ | मल्ल स्क्वायर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-६ | |
| | | २९ | एच.पि.कन्स्ट्रक्सन एण्ड सुपरभिजन प्रा.लि | टोखा-८ | |
| | | ३० | बर्दघाट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-१० | |
| | | ३१ | मिसास कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-१० | |
| | | ३२ | ओजस्कार बिल्डर्स प्रा.लि | टोखा-१० | |
| | | ३३ | बायु पुत्र हनुमार कन्स्ट्रक्सन प्रा.लि | टोखा-१० | |
| | | ३४ | जेन्यूईन बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि | टोखा-९ | |
| ६ | टोखा नगरपालिकाको आवधिक योजना (२०७९/८०-२०८३/०८४) स्वीकृती | टोखा नगरपालिकाको प्रथम आवधिक योजना (२०७९/८०-२०८३/०८४) स्वीकृत गरी कार्यान्वयन गर्ने । | | | |
| ७ | लगानी सम्मेलन | टोखा नगरपालिकाको प्रथम लगानी सम्मेलन आ.ब.२०८०/८१ मा सम्पन्न गर्ने गरी चालु आ.ब.मा तयारी थाल्ने सो कार्यको समन्वय गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने । | | | |
| ८ | राजस्व अध्ययन तथा राजस्व सप्ताह मनाउने | टोखा नगरपालिकाको राजस्व संभाव्यता अध्ययन, राजस्वको दर अध्यावधिक, दायरा अभिवृद्धि आदि कार्य गर्ने एवं राजस्व सप्ताहको आयोजना गर्ने । | | | |
| ९ | नगरसभाको आगामी अधिवेशन/ | गत नगरकार्यपालिकाबाट स्वीकृत भएको कार्यतालिका अनुसारका कार्यक्रम सम्पादन गर्दै आगामी आ.ब. २०८०/८१ को नगरसभा समयमानै सम्पादन गर्ने । | | | |
| १० | दीर्घरोग विरुद्धको अभियानमा मेयर कार्यक्रम कार्यविधि , | १. दफा ५ को सि.नं. ३ मा मधुमेह रोगको औषधि वितरण को सट्टमा सेवन गरेको औषधिः मधुमेह र उच्चरक्तचाप ईन्सुलिन बाहेकको औषधिमा अधिकतम् सीमा रु १००००/- ( दश हजार) तय गरी सो विल वमोजिमको रकमको ५० प्रतिशत | | | |

टोखा नगरपालिकाको आ.व.२०७९/८० को एघारौं  नगर कार्यपालिका वैठक, बैशाख २८, २०८०

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | संशोधन २०७९ | वरावर हुन आउने रकम नगरपालिका वाट सम्वन्धित विरामीलाई उपलब्ध गराउने ।<br>२. दफा ४ को उपदफा ४ मा स्वास्थ्य वीमावाट भुक्तानीः- स्वास्थ्य वीमा कार्यक्रममा सूचिकृत भै वीमावाट भुक्तानी भएको विल नगरपालिकावाट भुक्तानी हुने छैन। |
| ११ | नगरपालिका भित्र रहेका सार्वजनिक जग्गा तथा भवनको लगत संकलन | नगरपालिका भित्र रहेका सम्पूर्ण सार्वजनिक जग्गा तथा सो जग्गामा रहेका भवनहरुको लगत संकलन सम्वन्धित वडा कार्यालय मार्फत गरी नगरपालिका मातहत ल्याई आवश्यकता अनुसार सार्वजनिक हितको लागि प्रयोगमा ल्याउने । |
| १२ | फोहोर मैला व्यवस्थापन स्थल निर्माण | फोहोरमैला व्यवस्थापन स्थल निर्माणको लागि नगरपालिका भित्रको उपर्युक्त स्थल पहिचान गरी अत्याधुनिक प्लान्ट सहितको भवन निर्माणको लागि विस्तृत परियोजना प्रस्ताव तयार गर्ने । |
| १३ | विस्तृत परियोजना प्रस्ताव निर्माण | १. नगरपालिकाको विभिन्न वडाका उपर्युक्त स्थानमा खेलकूद कभर्डहल निर्माणको लागि वडासंग स्थान पहिचान सहितको विवरण माग गरी विस्तृत परियोजना प्रस्ताव तयार गर्ने ।<br>२. नगरपालिकाको प्रकृतिकश्रोतवाट उत्पन्न खानेपानीको मुहानहरु अध्ययन, पानीको श्रोत तथा अवस्था अध्ययन गरी खानेपानी संकलन, ट्याङ्की निर्माण लगायतका कार्यको विस्तृत परियोजना प्रस्ताव निर्माण गर्ने । |
| १४ | योजना तथा कार्यक्रम सम्झौता समयावधि | नगरसभाहरुवाट स्वीकृत भएका योजनाहरुको सन्दर्भमा गत कार्यपालिका वैठकवाट निर्णय भए वमोजिम गर्ने साथै यस कार्यपालिका  बैठकवाट निर्णय भएका योजनाहरु एवं अन्य कार्यक्रमहरुको सम्झौताको म्याद २०८० जेठ १२ सम्म कायम गर्ने । |
| १५ | वाटोको मापदण्ड तथा नक्सापास सम्वन्धी कार्यविधि लागू गर्ने | १. नक्सा पास प्रयोजनको लागि वडा नं. ३ को फैरचा चल्खु हुदै गोगंवुं ( GLD मा रहेको) टोखा सडक १० मी., लक्ष्मी चोकबाट फुटुङ्ग जोड्ने सडक ८ मी., हाउजिङ्ग पुलवाट सिसिंको हुदै सलखुशी पुल जोड्ने सडक ६ मी. कायम गर्ने।<br>२. भवन विभागवाट जारी भएको भवन निर्माण कार्यविधि, २०७८ लागू गर्ने ।<br>३. नगरक्षेत्रभित्र निर्माण हुने घरहरुमा अनिवार्य सेफ्टीट्याङ्क निर्माण पश्चात मात्र भवन निर्माण सम्पन्नता दिने । |
| १६ | सार्वजनिक जग्गाहरुमा सम्वन्धित वडा कार्यालयहरुको सिफारिसका आधारमा विभिन्न संरचना (सामुदायीक भवन/ पाटी/ मठमन्दिर आदि) निर्माण अनुमति दिने | (see table below) |

| सि.नं. | निर्माण हुने संरचनाको नाम | वडा नं. | वडाको सिफारिसको मिति र च.नं. | सार्वजनिक जग्गाको साविक गा.वि.स/ वडा/ कि.नं |
|---|---|---|---|---|
| १ | खेलकूद पुर्वाधार विस्तार निर्माण ( मैदान, कबडहल) | ५ | २०८०-१-३, १५६४ | साविक धापासी गा.वि.स वडा नं. ९ क को कि.नं. १६३ को सार्वजनिक जग्गामा निर्मित व्याडमिन्टन कवर्ड हलमा थप |

<table>
<tr><th>क.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td>व्यवस्थापन, निर्माण</td></tr>
<tr><td>२</td><td>ईन्द्रपुरी आवास क्षेत्रमा सामुदायिक भवन निर्माण ( भवन निर्माण मापदण्ड अनुसार साविकको भवनको संरचना मर्मत तथा तल्ला थप गर्ने)</td><td>७</td><td>२०७९-१२-९, २०४६</td><td>साविक धापासी गा.वि.स वडा नं. ८ क कि.नं. ५५ करिव ५ आना जग्गामा सामुदायीक भवन मर्मत, तल्ला थप निर्माण</td></tr>
</table>
</td></tr>
<tr><td>१७</td><td>विविध</td><td>
१. चालु आ.ब.२०७९/८० को नगरसभाको एघारौं तथा बाह्रौं अधिवेशनको बैठकको सि.नं. ४८७ र ५५ ( शिर्षक परिवर्तन तर्फ) मा लाछी कुमारी पाटी मर्मत सम्भार तथा लाछी कुमारी पाटी निर्माण शिर्षकमा २/२ लाखका दरले बजेट विनियोजन भएकोमा उक्त दुवै शिर्षकका कार्य एकै भएकोले उल्लेखित विनियोजित वजेटवाट साविकमा भएको पाटी जिर्ण भएकोले सो पाटी भत्काई सोहि स्थानमा उल्लेखित वजेट रु ४ लाखवाट नयाँ पाटी निर्माण गर्ने ।<br>
२. चालु आ.ब.२०७९/८० को नगरसभाको एघारौं अधिवेशनको सि.नं. ६६८ मा बसुन्धरा विकास तथा सुधार समाज (क्रियापुत्री घर निर्माण) कार्यको लागि रकम रु ४० लाख विनियोजन भएकोमा वडा कार्यालयको मिति २०८०-१-२०, च.नं. १५९९ को पत्रानुसार साविकमा भएको भवन जिर्ण भएकोले सो क्रियापुत्री भवन भत्काई साविक धापासी गा.वि.स वडा नं. ९ कि.नं. २ को सार्वजनिक जग्गामा सो ठाउँमा उल्लेखित वजेट रु ४० लाखवाट पुनः क्रियापुत्री भवन निर्माण गर्ने ।<br>
३. चालु आ.ब. २०७९/८० को बालुवापाटी धनेश्वर-धमलटार-भत्केपाटी सडक स्तरोउन्नती ( ठेक्का नं. १८ / २०७९-८० ) को कार्य सम्पादनको लागि मिति २०७९-९-१९ मा के.टि.एस. निर्माण सेवा, छायाँनाथ रारा, मुगुलाई कायदिश दिईएकोमा उक्त कार्यको लागि एघारौं नगरसभावाट रु ५५ लाख रकम विनियोजन भएकोमा ठेक्का सम्झौता हुदाँ रकम रु.८९५९८३०.८४ ( भ्याट र पि.एस बाहेक) नपुग रकमको श्रोत सुनिश्चितता गर्ने गरी सम्झौता भएकोमा उक्त कार्यको लागि एघारौं नगरसभाको सि.नं. २३९ मा विनियोजित रकम मध्येवाट नपुग रकम ५८ लाखको श्रोत सुनिश्चित गरी भुक्तानी उपलव्ध गराउने ।<br>
४. नगरकार्यपालिकाको मिति २०७९-१२-३० को निर्णयवाट कपिन्डोल राजकूल सडक स्तरोउन्नती शिर्षकमा रकम रु.८ लाख ४० नगर पूर्वाधार शिर्षकवाट विनियोजन भएकोमा सो विनियोजित रकम कपिन्डोल नयाँवस्ती भित्रको १० फुटे सडक ढलान कार्य गर्नको लागि सोहि अनुसारको लागत अनुमान समेत समावेश भएकोले कपिन्डोल नयाँवस्ती भित्रको १० फुटे सडक ढलान गर्ने गरी संशोधन गर्ने ।<br>
५. बाह्रौं नगरसभाको सि.नं. १७ ( शि.) मा पाटीको डिल देखि जहाँनियाँगाउँ जोड्ने
</td></tr>
</table>

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | गोरेटो वाटोमा कल्भर्ट निर्माण तथा ग्याविन वाल कार्यको लागि मिति २०७९-११-२८ मा सम्झौता भएकोमा वडा कार्यालयको मिति २०८०-१-२६, च.नं. २४२५ को सिफारिस अनुसार उक्त कार्यहरु मध्ये स्लाब ढलानको सट्टा चारफुटे चौडाईको फलामको स्लाव वनाउन सिफारिस भई आएकोले सोहि अनुसार गर्ने गरी लागत अनुमान संशोधन गरी कार्यान्वयन गर्न निर्देशन दिने ।<br>६. नगरसभा एघारौं अधिवेशनले गेलालवारी पल्लाघरेटोल कुलदेवता थान निर्माण शिर्षकको योजना स्वीकृत गरी रकम विनियोजन गरेकोमा हाल गेलालवारी पल्लाघरे टोल कुलदेवता थान वरीपरि वाल निर्माण गर्नु पर्ने भएकोले सोहि वमोजिमको योजना शंशोधन गरी शंशोधित योजना वमोजिमको कार्यको लागि सम्झौता गर्ने ।<br>७. वडा नं. ९ को विष्णुमति करिडोर वसपार्क अगाडि देखिको सडक ढलान गर्नेको बाह्रौं नगरसभाको सि.नं. ५८ (नयाँ) मा विनियोजित गोगवुँ ९ वडावाट मनमैजु तर्फ जाने ठूलो पूल आसपास करिडोर सडक ढलान कार्यको लागि रकम विनियोजन भएकोमा उक्त स्थान परिवर्तन गरी सोहि सडकको वसपार्क अगाडि देखि सामुदायिक सेवा समितिको कार्यालय आसपास हुदै अगाडि सम्म खण्ड अत्यन्त जिर्ण रहेकोले वसपार्क अगाडि देखि विष्णुमति करिडोर तर्फको सडकखर्डबाट सडक ढलान प्रकृया अगाडि वढाउने ।<br>८. ७ नं. वडा कार्यालयको मिति २०७९-११-१९, च.नं. १९४३ को पत्रानुसार साविक धापासी गा.वि.स वडा नं. ७ कि.नं. ५ को सार्वजनिक जग्गा संरक्षणको लागि उक्त जग्गामा पार्क निर्माण गर्ने योजना स्वीकृत गरी एघारौं अधिवेशनको सि.नं. २४१ मा विनियोजित रकम मध्येबाट रु ६ लाख विनियोजन गर्ने ।<br>९. नगरकार्यपालिका वैठकको मिति २०७९-११-३० को निर्णयानुसार वडा नं. २ वस्ने सानुमैया श्रेष्ठलाई औषधि उपचार शिर्षकवाट भुक्तानी हुने गरी निर्णय भएकोमा उक्त शिर्षकमा वजेट मौज्दात नभएकोले अन्य सामाजिक सुरक्षा कोषवाट भुक्तानी दिने ।<br>१०. तारकेश्वर नगरपालिका वडा नं. १ साङ्ला स्थित नमोवुद्ध ड्रग अलकोहल ट्रिटमेन्ट एण्ड रिहाबिलिटेसन सेन्टर नामक लागू औषध र मध्यपान दुर्व्यसनमा फसेका युवाहरुलाई पुनर्स्थापना सेवा प्रदान गर्दै आएको सामाजिक संस्थाले विगत केहि समय देखि आर्थिक संकटका कारण संस्थाको उदेश्य अनुरुपको काम गर्न समस्या परेकोले खाध्यान्न कपडा तथा भौतिक सामाग्रीको लागि आर्थिक सहयोग माग गरेकोमा उक्त संस्था लागू औषध र मध्यपान दुर्व्यसनीको सामाजिक सेवामा काम गर्ने भएकोले संस्थाले पेश गरेको खाद्यान्न, लत्ताकपडा तथा अन्य आवश्यक सामाग्री वितरण गरेको भर्पाई तथा विल भर्पाई लगायतका कागजातको आधारमा सम्वन्धित संस्थाले खर्चको लेखा राखी लेखापरीक्षण गरी सो को प्रतिवेदन यस कार्यालयमा समेत पेश गर्ने गरी सि.नं. १७४ मा विनियोजित रकम मध्येवाट रु २ लाख नमोवुद्ध ड्रग अलकोहल ट्रिटमेन्ट एण्ड रिहाबिलिटेसन सेन्टरलाई रकम भुक्तानी गर्न निर्देशन दिने ।<br>११. टोखा नगरपालिका वडा नं. ३ स्थित धमलटार सिंसिको टोलको श्यामलाल महर्जनको घरअगाडि खहरे जाने सडक ढलान गर्ने क्रममा सडकको वीचमा पर्ने |

टोखा नगरपालिकाको आ.व.२०७९/८० को एघारौं  नगर कार्यपालिका बैठक, बैशाख २८, २०८०

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|

पोलहरु सार्ने कार्यको लागि नेपाल विद्युत प्राधिकरणवाट पेश भएको लागत अनुमान रु १७५९८७.४२ एघारौं नगरसभाको सि.नं. २२९ मा विनियोजित रकम मध्येवाट टोखा नगरपालिकाको अनुदान संचालन कार्यविधि, २०७६ वमोजिम नेपाल विद्युत प्राधिकरणलाई अनुदान निकासा उपलव्ध गराउने ।

१२. एघारौं नगरसभाको सि.नं. २७६ मा ढाँडखोला सुन्दरवस्ती क्रियापुत्री ट्रस निर्माण शिर्षकको योजना स्वीकृत भएकोमा निर्माण हुने क्रियापुत्री ट्रस व्यक्तिको जग्गामा पर्ने र उक्त जग्गाका जग्गाधनी श्री पूर्ण प्रसाद दुलालले वडा अध्यक्षको रोहवरमा निजको नाममा रहेको साविक झोरमहाँकाल गा.वि.स वडा नं. ७ झ कि.नं. २४८ क्षे.फ.१-५-३-० जग्गामा क्रियापुत्री ट्रस निर्माण गर्न दिन सहमत भई मन्जुरीनामा लिखतमा सहिछाप गरेकोले उल्लेखित निजी जग्गामा सार्वजनिक प्रयोजनको लागि क्रियापुत्री ट्रस निर्माण गर्ने ।

१३.९ नं. वडा कार्यालयको पत्रानुसार ९ नं. वडास्थित मूल तथा सहायक सडकहरुमा रहेको ढल मंगालमा फोहोर जमेर जाम भएकोले ढल तथा मंगाल सरसफाई कार्यको लागि मर्मत सम्हार शिर्षक नं. २२९ वाट रु २ लाख विनियोजन गर्ने ।

१४. नगरपालिकाले हाल सम्म तय गरेका नीति तथा कार्यक्रम अनुसार सम्पादन गरेका असल काम कार्वाहीहरु जनमानसमा पुर्याउने उदेश्यले चिरपरिचित, ख्यातिप्राप्त कलाकारहरु सम्मिलित टोलीद्धारा निर्माण गरी टेलिभिजनद्धारा प्रकाशन एवं युटुव च्यानलमा प्रकाशन गर्ने गरी कार्यक्रम निर्माण गर्न रु ५ लाख सि.नं. १७४ मा विनियोजित रकम मध्येवाट विनियोजन गर्ने ।

१५.२ नं. वडा अन्तर्गतको आधारभूत स्वास्थ्य केन्द्रको भवनमा ट्रस राखी सेवाग्राही प्रतिक्षालय निर्माणको लागि नगरपूर्वाधार सि.नं. २४७ वाट १ लाख विनियोजन गर्ने

१६. टोखा नगरपालिका कार्यालयको बा २ झ १६५१ नम्वरको स्कार्पियो गाडी मर्मत गराईएकोमा उक्त मर्मतको विल अनुसारको रकम रु . २२४१२७.४३ भुक्तानी उपलव्ध गराउने ।

१७.चण्डेश्वरी मन्दिर प्राङ्गणमा पौषशुक्ल पूर्णिमा देखि माघ शुल्क पूर्णिमा सम्म भएको स्वास्थानी कथा वाचन, यज्ञ हवन आदि कार्यक्रम समेतको लागि रु ९० हजार संस्कृति संरक्षण कोषवाट भुक्तानी उपलव्ध गराउने।

१८.यस नगरपालिका अन्तर्गतका महिला स्वास्थ्य स्वंयम सेविका, वडा कार्यालयका कर्मचारी, स्वास्थ्य संस्थाका कर्मचारी र जनप्रतिनिधिको अवलोकन भ्रमणको क्रममा पेश्की दिईएको रकमवाट नपुग रकम माग भएकोले निम्न वमोजिमको सम्वन्धित वडाको सिफारिस वमोजिम थप रकम भुक्तानी गर्ने ।

| वडा नं. | पेश्की रकम | पेश भएको खर्च रकम | हाल थप गर्ने |
|---|---|---|---|
| २ | १३५००० | ३३६६७० | १५१६७० |
| १ | १२६००० | ३५०००० | १७४००० |
| ८ र ११ | ३००००० | ४५०१५२ | १००१५२ |
| ३ | १८९००० | ५२३००० | २८४००० |

टोखा नगरपालिकाको आ.व.२०७९/८० को एघारौं नगर कार्यपालिका वैठक, बैशाख २८, २०८०

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा | | | | |
|---|---|---|---|---|---|---|
| | | सि.नं. | कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम | विनियोजित शिर्षक |
| १८ | विविध/ विभिन्न योजना तथा कार्यक्रमको लागि रकम विनियोजन गर्ने | १ | फेब्रिकको झोला वनाउने तालिम | ८ | १५०००० | १७४ |
| | | २ | उद्घघोषण तालिम ( महिला पुरुष) | ३ | १३०००० | १७४ |
| | | ३ | संयुक्त खश क्षत्री नेपाल आर्थिक सहयोग (विविध कार्यक्रमको लागि ) | | ५०००० | २२८ |
| | | ४ | ओमशान्ति भवन उद्घघाटन कार्यक्रम सहयोग | ११ | ५०००० | २२८ |
| | | ५ | मालुङ्गवाट निहुरे खोला जाने शाखा वाटोमा वाल निर्माण | १ | ५००००० | २४७ |
| | | ६ | साङ्गले खोला ईन्द्रेणीपुल देखि उत्तर तर्फको आवश्यक स्थलहरुमा नदी नियन्त्रणको लागि रिटेनिङ्ग वाल निर्माण | ३ | २५००००० | २४९ |
| | | ७ | विष्णुमति नदीमा शान्तिवस्ती देखि के.आई.टी कलेज तर्फको क्षेत्रमा नदी रिटेनिङ्ग वाल निर्माण | ८ | १५००००० | २४९ |
| | | ८ | बसुन्धरा चौकी क्षेत्रमा ढल व्यवस्थापन / मर्मत | ५ | ८९८०० | २२९ |
| | | ९ | तिलबक टोलमा वाल निर्माण | २ | ५००००० | २४७ |
| | | १० | लो टोल खानेपानी पाईपलाईन विस्तार | १ | ७००००० | २५० |
| | | ११ | महिला नेतृत्व विकास क्षमता अभिवृद्धि कार्यक्रम | | ४००००० | १७४ |
| | | १२ | धनेश्वरी समाजको वाध्यवादन सामाग्री एवं अन्य सामाग्रीहरु खरिद | ३ | २५०००० | २२८ |
| | | १३ | भुमेश्वर मन्दिर जानको लागि सिढी निर्माण | ३ | ३३५००० | २४७ |
| | | १४ | दाहाल गौडाको भित्री गार्डेन निर्माण | ७ | ६००००० | २४१ |

टोखा नगरपालिकाको आ.व.२०७९/८० को एघारौं नगर कार्यपालिका वैठक, बैशाख २८, २०८०

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा | | | | |
|---|---|---|---|---|---|---|
| | | १५ | स्तुली शेर्पा पेट्रोल पम्प भन्दा माथि मूल सडकसंग जोडिएको शाखा बाटोमा ढल निर्माण | ३ | ५००००० | २४७ |
| | | १६ | मालुङ्ग देखि माधव देवकोटाको घरतर्फ जाने सडक स्तरोउन्नती | १ | ५००००० | २४७ |
| | | १७ | जहानियाँगाउँ खानेपानी पाईपलाईन तथा ट्याङ्की मर्मत | १ | १०००००० | २५० |
| | | १८ | वाँसवारी माध्यामिक विद्यालयमा अध्ययनरत वालवालिकाहरुलाई स्टेशनरी तथा स्कुल ड्रेस वितरणको लागि अनुदान सहयोग हस्तान्तरण | | ३००००० | १७४ |
| | | १९ | झोर माध्यामिक विद्यालयको भौतिक निर्माण( झ्याल ढोका, विद्युत वाईरिङग आदि ) | १ | २५०००० | २४७ |
| | | २० | पिण्डेश्वर महादेवको ट्रस निर्माण | ८ | ४००००० | २४७ |
| | | २१ | महिलाहरुको पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ्ग तथा क्लिनिकल स्तन परीक्षण | ३ | ३५०००० | १७४ |
| | | २२ | शहनशिल टोलमा सिलाईबुनाई तालिम | ३ | ३५०००० | १७४ |
| | | २३ | नगरपालिकाको गतिविधिहरु समेटिएको सूचना प्रशारण, भिडियो निर्माण आदि क्रियाकलाप | | १५०००० | कार्यक्रम खर्च |
| | | २४ | जोर भिमसेन दापा खलः ढोका वनाउने | २ | ५००००० | २४७ |

टोखा नगरपालिकाको आ.व.२०७९/८० को एघारौं  नगर कार्यपालिका वैठक, वैशाख २८, २०८०

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा | | | | |
|---|---|---|---|---|---|---|
| | | | नगरपालिकाको कामको शिलशिलमा वडा नं. ८ को विभिन्न सडकहरु कालोपत्रे हुदै गरेको रातको समयमा अनुगनको क्रममा पार्किङ्गमा राखेको मोटरसाईकल अज्ञात समूहवाट जलाईएकोले अनुगमन समितिका सदस्य एवं वडा नं. ८ का सदस्य श्री विजय वानियाँलाई मोटरसाईकल मर्मत संभार कार्यको सहयोग उपलव्ध गराउने। | ८ | १५००००/- | मर्मत शिर्षक |
| | | | | | | |
| | | | | | | |